# प्रथम अध्यक्षता र भेट गर्ने शिक्षिकाको सन्देश, अप्रिल २०१३
# प्रथम अध्यक्षताको सन्देश, अप्रिल २०१३

## उहाँ व्यूतिनुभएको छ

**अध्यक्ष हेनरी बी. आइरिङद्वारा**
**प्रथम अध्यक्षतामा पहिलो सल्लाहकार**

येशू ख्रीष्टको पुरुत्थानको वास्तविकताको एक गवाही आशा र समर्पण दुबैको एक स्रोत हो । अनि यो परमेश्वरका कुनै पनि सन्तानलाई यस्तै हुन सक्छ । जुन १९६९ मा गीष्मको एक दिन यो मलाई पनि थियो जब मेरी आमा बित्नुभयो यो त्यसपछिका सबै वर्षमा छ र मैले उहाँलाई पुनः देख्दासम्म हुनेछ ।

क्षणिक विछोडका कारणबाट प्राप्त हुने दुःख तत्कालै सुखमा परिणत भयो । यो एक खुशीयुक्त पुनर्मिलनका लागि आशा भन्दा बढी थियो । उहाँका अगमवक्ताका माध्यमबाट परमप्रभुले धेरै प्रकट गर्नुभएका कारण अनि पवित्र आत्माले पुनरुत्थानको सत्यता मलाई प्रमाणित गरेका कारण हाम्रो पवित्र र पुनरुत्थापित प्रियजनहरूसँग फर्किनु कस्तो हुन्छ भनेर मेरो मस्तिष्कले देख्न सक्छः

"यी तिनीहरू हुन् जो पुनरुत्थानमा सही न्यायका कारण आउनेछन् । ...

"यी तिनीहरू नै हुन् जसको नाम स्वर्गमा लेखिएको छ, जहाँ परमेश्वर र ख्रीष्ट सबैका न्यायकर्ता हुनुहुन्छ ।

"यी तिनीहरू नै हुन् जो नयाँ करारका मध्यस्तकर्ता येशू ख्रीष्टका माध्यमबाट पूर्ण बनाइएका मानिसहरू मात्रै हुन्, जसले आफ्नै रगत बगाएर यो पूर्ण प्रायचित्त प्रायश्चित्त ल्याउनुभयो ।

येशू ख्रीष्टले मृत्युको बन्धन छुटाएका कारण संसारमा जन्मने स्वर्गमा रहनुहुने पिताका सबै सन्ततीहरू कहिल्यै पनि नमर्ने शरीरमा पुनरुत्थापित हुनेछन् । त्यसैले त्यो महिमायुक्त सत्यका बारेमा मेरो र तपाईँका गवाहीहरूले परिवारका प्रियजन वा साथी गुमाएको पीडालाई हटाउन र यसको सट्टामा प्रत्याशा र निश्चित समर्पण प्रतिस्थापित् गर्न सक्छन् ।

परमप्रभुले हामी सबैलाई पुनरुत्थानको उपहार दिनुभएको छ जसका कारण हाम्रा आत्माहरूलाई भौतिक अपूर्णताबाट मुक्त शरीरहरूमा राखिन्छन् (हेर्नुहोस् आल्मा ११:४२-४४) । उमेर र भौतिक कष्टका समयको प्रभाव हटेर मेरी आमा जवान र कान्तियुक्त हुनुहुनेछ । उपहारका कारण त्यो उहाँ र हामीमा आउने छ ।

हामीमध्ये ती जसले उहाँसँग सदाका लागि हुन चाहन्छौं पिता र उहाँका पुनरुत्थापित प्रिय पुत्र बस्ने महिमामा बस्न त्यो साहचर्यका लागि दक्ष हुने छनोटहरू गर्नैपर्छ । त्यो नै एकमात्र स्थान हो जहाँ परिवारको जीवन अनन्त रूपमा निरन्तर चल्न सक्छ । त्यो सत्यको गवाहीले हाम्रो जीवनमा काम गर्ने येशू ख्रीष्टको प्रायश्चित्तका कारण सेलेस्टियल राज्यको उत्तम विन्दुका लागि आफूस्वयं र मैले माया गर्ने तिनीहरूलाई योग्य बनाउने मेरो समर्पण वृद्धि भएको छ ।

प्रभुभोजको प्रार्थनामा परमप्रभुले हामीलाई अनन्त जीवनको अनुसन्धानका लागि एक निर्देश प्रदान गर्नुहुन्छ जसले मलाई सहयोग गर्छ र तपाईँलाई सहयोग गर्न सक्छ । हामीलाई बप्तिस्माका कारारहरू हरेक प्रभुभोज सभामा नवीकरण गर्न आमन्त्रण गरिएको छ ।

हामीले सधैं मुक्तिदातालाई सम्झने प्रतिज्ञा गर्छौं । उहाँको वलिदानको प्रतीकले हामीलाई मृत्युको बन्धन छुटाउन उहाँले चुक्ता गर्नुभएको मूल्यको महत्व, हामीलाई दया दिन र हामीले पश्चात्ताप गर्ने छनोट

गरेमा हाम्रा सबै पापहरूका लागि क्षमा दिन उहाँले गर्नुभएको वलिदानको प्रशंसा गर्न सहयोग गर्छ ।

हामीले उहाँका आज्ञाहरू पालना गर्ने प्रतिज्ञा गर्छौं । धर्मशास्त्रहरू र जीवित अगमवक्ताका वचनहरू पढ्ने अनि हाम्रा प्रभुभोज सभाहरूमा प्रेरणा प्राप्त वक्ताहरूलाई सुन्नाले हामीलाई यसो गर्नका लागि स्मरण गराउँछन् । पवित्र आत्माले हामीले त्यो दिनमा पालना गर्नुपर्ने आज्ञाहरूका बारेमा हाम्रो मस्तिष्क र हृदयमा स्मरण गराउँछ ।

प्रभुभोजको प्रार्थनामा परमेश्वरले हामीसँग रहनका लागि पवित्र आत्माहरू पठाउनुहुन्छ भनेर प्रतिज्ञा गर्नुहुन्छ (हेर्नुहोस् मरोनाई ४:३; ५:२; सि र क २०:७७, ७९) । त्यो क्षणमा मैले परमेश्वरले मलाई एक व्यक्तिगत अन्तरवार्ता जस्तै महसुस हुने चीज दिनुहुन्छ भनेर मैले पत्ता लगाएको छु । मैले गरेको के कुराले उहाँलाई खुशी पार्छ, पश्चात्त र क्षमापनका लागि मेरो आवश्यकता अनि उहाँका लागि उहाँले मैले सेवा गरोस् भनेर चाहने मानिसको नाम र अनुहार मलाई जानकारी गराउनुहुन्छ ।

धेरै वर्षसम्म, त्यो दोहोरिएको अनुभवले आशालाई करूणाको विचारमा परिणत भयो अनि मुक्तिदाताको प्रायश्चित्त र पुनरुस्थानका कारण त्यो दया मेरा लागि खुल्ला थियो भनेर एक विश्वास ल्यायो ।

म प्रमाणित गर्छु कि हाम्रा मुक्तिदाता र हाम्रा पूर्ण उदाहरण अनि अनन्त जीवनका निर्देशक येशू ख्रीष्ट ब्यूतिनुभएको छ ।

यो सन्देशबाट सिकाउने

हामीले “हामीलाई दिइएका सबै धर्मशास्त्रहरू लियौं, यो हाम्रो लाभ र सिकाइका लागि हो” (१ निफाई १९:२३) सिद्धान्त र करार २०:७६-७९ मा पाइने प्रभुभोज प्रार्थना पढ्ने कुरालाई महत्व दिनुहोस् । प्रभुभोज प्रार्थनाका बारेमा अध्यक्ष आइरिङ शिक्षा पढिसके पछि तपाईंले आफूले सिकाउनेहरूलाई यी प्रार्थनाहरूले तिनीहरूको जीवनलाई निर्देशित गर्ने बाटाहरूका बारेमा सोच्न र तिनीहरूलाईस्वर्गमा रहनुहुने पिता र येशू ख्रीष्टसँगै पुनः जिउनका लागि सहयोग आमन्त्रण गर्न चाहनुहुन सक्छ ।

परमेश्वरसँग तपाईंको व्यक्तिगत अन्तरवार्ता

परमेश्वरसँग तपाईंको व्यक्तिगत अन्तरवार्ता

अध्यक्ष आइरिङले सिकाउनुहुन्छ कि जसै हामीले प्रभुभोज प्रार्थना सुन्छौं, हामीले परमेश्वरसँग व्यक्तिगत अन्तरवार्ता भएको जस्तै हामीले महसुस गर्न सक्छौं । अध्यक्ष आइरिङ तलका तीन क्षेत्रका बारेमा सोच्नुहुन्छ । यी प्रश्नहरूलाई दैनिकीमा लेख्नुहोस् र यो महिनाको हरेक आइतबार तिनीहरूलाई मनन गर्नुहोस् । जसै तपाईंले मनन गरेर पवित्र आत्माबाट प्रेरणा प्राप्त गर्नुहुनेछ तिनलाई पनि तपाईंले दैनिकीमा लेख्न सक्नुहुन्छ ।

मैले त्यस्तो के गरें जसल परमेश्वरलाई खुशी पार्‍यो ?

मैले केका लागि पश्चात्ताप वा क्षमापन माग्नु आवश्यक छ ?

परमेश्वरले मलाई कसलाई सेवा गरोस् भन्ने चाहनुहुन्छ ?

© 2013 by Intellectual Reserve, Inc. मा सर्वाधिकार सुरक्षित । यू.एस्.एमा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१२ । अनुवाद अनुमोदनः ६/१२ । प्रथम अध्यक्षताको सन्देश, April 2013 को अनुवाद । भाषा Nepali 10664-372

# भेटगर्ने शिक्षिकाको सन्देश, अप्रिल २०१३

# मन्दिरका करारहरू

प्रार्थनापूर्वक यो पाठ्य सामाग्री पढ्नुहोस् र उपयुक्त अवस्थामा, तपाईंले भेट गर्ने दिदीबहिनीहरूसँग यसबारे छलफल गर्नुहोस् । तपाईंका दिदीबहिनीहरूलाई मजबुत बनाउन र रिलिफ सोसाइटीलाई आफ्नो जीबनको एक सकीय अंश बनाउन यी प्रश्नहरूको उपयोग गर्नुहोस् । **थप जानकारीका लागि, reliefsociety.lds.org मा हेर्नुहोस् ।**

"मन्दिरमा प्राप्त गरिएका रक्षा गर्ने विधिहरूले हामीलाई कुनै दिन स्वर्गमा रहनुहुने पितासँगै अनन्त परिवार सम्बन्धमा फर्कन अनुमति दिन्छ र आशीष र माथिको शक्तिसँगै आशीषित हुन पाउनु हरेक बलिदान र हरेक प्रयासका लागि मूल्यवान् छन्" भनेर अध्यक्ष थोमस एस्. मनसनले भन्नुभयो । यदि तपाईं अझैसम्म मन्दिरमा जानुभएको छैन भने तपाईं मन्दिरका पवित्र करारहरू प्राप्त गर्न तयारी गर्न सक्नुहुन्छ ।

स्वर्गमा रहनुहुने पिता, येशू ख्रीष्ट र पवित्र आत्मामा विश्वास गर्ने ।

येशू ख्रीष्टको प्रायश्चित्त र पुनर्स्थापित् सुसमाचारको गवाही जगेर्ना गर्ने ।

जीवित अगमवक्तालाई समर्थन र अनुशरण गर्ने ।

दशांश तिरेर, नैतिक रूपमा पवित्र बनेर, इमान्दार बनेर, ज्ञानका कुरा पालना गरेर अनि चर्चका शिक्षा अनुसार जीवन जिएर मन्दिर प्रवेशाज्ञाका लागि सक्षम बन्ने ।

परमेश्वरको राज्य निर्माणमा सहयोग गर्न समय, क्षमता र साधन खर्च गर्ने ।

पारिवारिक इतिहासको कार्यमा सहभागी हुने । २

अध्यक्ष मनसनले अगाडि भन्नुभयो, "जसै हामीले (मन्दिर) भित्र गरिएका हाम्रा करारहरू सम्झन्छौं, हामी हरेक चुनौतीको सामना गर्न र हरेक प्रलोभनमाथि विजय पाउन अझै बढी सक्षम हुनेछौं ।"३

धर्मशास्त्रहरूबाट

सिद्धान्त र करार १४:७; २५:१३; १०९:२२

हाम्रो इतिहासबाट

यसको समर्पणपछि नभू मन्दिर "५,००० भन्दा बढी सन्तहरूले भरियो । ...

" तिनीहरू चिसो, ताप, भोक, गरिवी, विरामीपना, दुर्घटना र मृत्युले पीडित हुँदा मन्दिरका करारहरूको बल, शक्ति, र आशीषहरूले पछिल्ला दिनका सन्तहरूलाई तिनीहरूको (पश्चिम) तिरको यात्रामा (समर्थन) गर्‍यो ।"

रिलिफ सोसाइटीका मेरा धेरै दिदीबहिनीहरू जस्तै, सरा रिचले मन्दिरमा काम गर्ने एक व्यक्तिका रूपमा काम गरिन् । उनले आफ्नो अनुभवका बारेमा भनिन्: "यदि यो आस्था र ज्ञानकाका लागि नभएको भए हामीलाई त्यो परमेश्वरको पवित्र आत्मा ... द्वारा त्यो मन्दिरमा हामीलाई प्रतिस्थापित् गरिएको थियो" । तर स्वर्गमा रहनुहुने हाम्रा पितामा हामीसँग आस्था छ, ... अनुभव छ कि हामी उहाँका छानिएका मानिस हौं ..., अनि पीडाका बावजुद, हामीले खुशी हुने महसुस गर्‍यौं कि हाम्रो उद्धारको दिन आएको छ ।" ५

पछिल्ला दिनका आस्थावान् सन्त महिलाहरूका प्रस्थान "अन्धकारमा कुँदाइ" थिएन । तिनीहरू तिनीहरूका मन्दिरका करारहरूद्वारा समर्थन गरिएका थिए ।

## सूचीहरू


१. थोमस एस्. मनसन, "The Holy Temple—a Beacon to the World," Liahona, मे २०११, ९२ । रू

२. हेर्नुहोस् Daughters in My Kingdom: The History and Work of Relief Society (२०११), ३१ ।

३. थोमस एस्. मनसन, Liahona,मे २०११, ९३ ।

४. २९-३० Daughters in My Kingdom,

५. सारा रिच मा Daughters in My Kingdom, ३० ।


मैले के गर्न सक्छु ?

१. मैले निरन्तर रूपमा मन्दिरमा आरधना गरिरहेको छु ?

२. मैले मेरा दिदीबहिनीहरूलाई मन्दिरका आशीषहरू प्राप्त गर्न प्रोत्साहन गरिरहेको छु ?


© 2013 by Intellectual Reserve, Inc. मा सर्वाधिकार सुरक्षित । यू.एस्.एमा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१२ । अनुवाद अनुमोदनः ६/१२ । भेटगर्ने शिक्षिकाको सन्देश, April 2013 को अनुवाद । भाषा Nepali 10664-372